National News

ALL INDIA RADIO GANGTOK

19:25 hrs 25.06.2025

---

*प्रमुख समाचार :-*

- *आज संविधान हत्या दिवस मनाइन्दैछ । 25 जून 1975 मा भारतको संविधानको दमन गरिएको घटनाहरूको यस दिनले याद गराउँदैछ ।*
- *केन्द्रिय गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा द इमरजेन्सी डाइरीस यर्स देत फोर्जड ए लिडर नामक तत्कालीन युवा आर एस एस प्रचारक, प्रधानमन्त्री नरेन्द्र मोदीको महत्वपूर्ण भूमिकालाई दर्शाउन्छ ।*
- *सरकारले पूणे मेट्रो रेल परियोजनाको दोस्रो चरणको विस्तार गर्ने निर्णय गरेकोछ । उत्तरप्रदेशमा आगरामा अन्तर्राष्ट्रीय आलू केन्द्रको दक्षिण एशिया क्षेत्रीय केन्द्रको स्थापना संबधी प्रस्तावलाई पनि सेवीकृती दिइएकोछ ।*
- *प्रधानमन्त्री नरेन्द्र मोदीले भारत, हंगरी, पोलैण्ड र अमरीकाका अंतरिक्ष यात्रीहरूलाई लिएर गएको अंतरिक्ष मिशनको सफल प्रक्षेपणको स्वागत गर्नुभएकोछ ।*
- *ओडिशामा विश्व प्रसिद्ध भगवान जगन्नाथ रछ यात्राका सबै सुरक्षा तयारी पूरा भएकोछ ।*

---

*केबिनेट- ब्रीफींग*

सरकारले पूणे मेट्रो रेल परियोजनाको दोस्रो चरणको विस्तार गरिने निर्णय लिएको छ । यसमा तीन हजार छ सय 26 करोढ़ रूपियाँको लागत आउनेछ । प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा केन्द्रीय मन्त्रीमण्डलका निर्णयहरूबारे जानकारी दिँदै सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले बताउनुभयो, नयाँ मेट्रो लाईनमा अतिरिक्त 12.75 किलोमीटरको लम्बाई जोड़िनेछ जसमा 13 स्टेशनहरू हुनेछन्।

कैबिनेट ब्रीफींग

श्री वैष्णवले बनाउनुभयो- सरकारले झारखण्डमा भारतिय कोइला क्षेत्रका पुररूद्धारका लागि संशोधित मास्टर प्लानलाई स्वीकृती दिएकोछ । यस संशोधित योजनाको कार्यन्वयनमा 5 हजार 9 सय चालीस करोढ़ रूपियाँको लागत आउने, उहाँले भन्नुभयो ।

श्री वैष्णवले उत्तरप्रदेखमा आगरामा अंतर्राष्ट्रीय आलू केन्द्रको दक्षिण एशिया क्षेत्रीय केन्द्रको स्थापना र प्रस्तावलाई पनि स्वीकृती दिइएकोछ भन्नुभयो ।

## *पुरी- रथ यात्रा*

ओडिशामा विश्व प्रसिद्ध भगवान जगन्नाथ रथ यात्राका लागि सबै सुरक्षा तयारीहरू पूरा गरिएकाछन् । शुक्रबार पुरीमा शुरू हुने जगन्नाथ रथ यात्राका लागि ओडिशा पुलिसले यातायात प्रवन्धन, श्री जगन्नाथ मंदिरको भित्र र बाहिर सुरक्षा अनि रथका चारैतिर घेरा, भीड़ नियन्त्रण र ततीय क्षेत्रहरूमा सुरक्षाका लागि विशेष व्यवस्था गरिएकोछ । पहिलो पटक पुरी र त्यसको छेऊँछाऊँ, एउटा एकीकृत कमांड- एंड कंट्रोल प्रणाली स्थामित गरिएकोछ ।

## *गोयल- समीक्षा बैठक*

वाणिज्य र उद्योग मन्त्री पीयूष गोयलले निर्यातलाई बढ़ावा दिनुका लागि प्रमुख क्षेत्रहरूमा आत्मनिर्भरता र निर्यात प्रतिस्पर्धाको आवश्यक्तामा जोढ़ दिनुभएकोछ । उहाँले भन्नुभयो भारतलाई ती क्षेत्रहरूमा बढ़ि ध्यान दिनुपर्दछ जसमा अन्य देशहरूको तुलना प्रतिस्पर्धात्मक रूपमा उ अघाढ़ीछ । श्री गोयलले उत्पादनसित जुड़ेका प्रोत्साहन योजनाको समीक्षा बैठकको बेला यो कुरा भन्नुभयो । श्रम शक्तिको संख्याको अपोक्षा, उसको कौशल र गुणस्तरमा ध्यान दिइनुपर्छ उहाँले भन्नुभयो ।

## *कैलाश मानसरोवर यात्रा*

कैलाश मानसरोवर यात्रा 2025 को दोस्रो समूहले आज बिहान 8 बजेर 20 मिनिट देखि 8 बजेर 45 मिनिट बीच नथुला सीमालाई सफलतापूर्वक पार गरेकोछ । यसमा 47 यात्रीहरू शामेल थिए । सबै यात्रीहरू आफ्नो अघाढ़ीको दिव्य यात्रामा निकलिंदै गर्दा सकारात्मक र आध्यात्मिक रूपले उत्साहित थिए । यात्रीहरूले गान्तोक र अनुकूलन केन्द्रहरूमा उनीहरूको बसोबासको बेला गरिएको निर्बाध व्यव्स्था हेरचाह र अतित्यका लागि एस टि डि सि, विभिन्न लाइन विभाग र सिक्किम सरकारलाई हार्दिक धन्यवाद र आभार व्यक्त गरे ।

## *प्रधानमन्त्री- आपातकाल पुस्तक*

केन्द्रिय गृह मन्त्री अमित शाहले आज नयाँ दिल्लीमा दि इमरजेन्सी डाइरीस इयर्स देट फोर्जड ए लिडर्स अर्थात आपातकाल डायरी- वर्षहरू जसले एक नेताको निर्माण गरयो नामक पुस्तकको विमोचन गर्नुभएकोछ । यो पुस्तकले तत्कालीन युवा आर एस एस प्रचारक, प्रधानमन्त्री नरेन्द्र मोदीको महत्वपूर्ण भूमिकालाई दर्शाउछ । श्री मोदीले आपातकाल विरूद्ध लड़ाईमा महत्वपूर्ण भूमिका खेल्नुभएको थियो । सोशल मीडियामा एक पोस्टमा प्रधानमन्त्री मोदीले भन्नुभएकोछ, यस पुस्तकले आपातकालका समयमा उहाँले यात्राको उल्लेख गर्छ ।

संविधान हत्या दिवस 2025 संबधी एक कार्यक्रममा आपातकालको 50 वर्ष पूरा भएको अवसरमा श्री शाहले पुस्तकको विमोचन गर्नुभयो । उहाँले सो कार्यक्रममा लोकतन्त्र जिन्दाबाद यात्राको पनि झण्डा देखाई थालनी गर्नुभयो । यस यात्राले संपूर्ण देशमा घुमेर संवधानिक मूल्यहरू, लोकतांत्रिक अधिकार तथा आपातकालबाट सीखेका पाठहरूबारे जागरूकता फैलाउने लक्ष्य राखेकोछ । सो अवसरमा बोल्दे, श्री शाहले आपातकालको बेला, मानिसहरूले सामना गरेका अत्याचारबारे बताउनुभयो ।

## *संविधान हत्या दिवस*

आज संविधान हत्या दिवस मनाइन्दैछ। 25 जून 1975 मा, भारतको संविधानको हवन गरिएका घटनाहरूको यस दिनले याद गराउँछ।

## *प्रधानमन्त्री- पुस्तक*

सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नुभएको संविधान हत्या दिवसले 1975 मा आपातकालको बेला तानाशाही, विरूद्ध लड़ने बहादुर व्यक्तिहरूलाई याद गर्ने अवसर हो। उहाँले भन्नुभयो, भारतीय लोकतन्त्रमा आपातकाल, संधै ने एउटा कालो अध्याय रहनेछ जसमा नागरिकहरूक मौलिक अधिकारहरूको दमन गरियो।

## *प्रधानमन्त्री- शुभान्शु शुक्ला*

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत, हंगरी, पोलैण्ड र अमेरीकाका अंतरिक्ष यात्रीहरूलाई लिएर अंतरिक्ष मिशन को सफल प्रक्षेपणको स्वागत गर्नु भएकोछ। सोशल मीडिया पोस्ट मा श्री मोदीले भन्नुभयो, ग्रुप कैप्टन शुक्लाले आफुसित एक अरब, 40 करोढ़ भारतीयहरूको इच्छा, अपेक्षा र आकांक्षा लिएर आएका छन्। श्री मोदीले श्री शुक्ला र अन्य अंतरिक्ष यात्रीहरूलाई सफलता को शुभकामना दिनुभयो। यसैबीच, ग्रुप कैप्टन शुक्लाले अंतरिक्षबाट एक सन्देश पठाउँदै यो एउटा अदभुत यात्रा भएको भनेका छन्।